# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

सूचना नं १६३५/०७९-८०

## दरखास्त र निवेदन पेश गर्ने सूचना

मिति २०७९/११/२३ मा आयोगको अनलाइन दरखास्त प्रणालीमा समस्या आएको कारण उक्त समयमा दरखास्त तथा दरखास्त दस्तुर बुझाउन छुट भएका उम्मेदवारहरुका लागि मात्र मिति २०८०/३/५ सम्म देहाय अनुसार दरखास्त दिने म्याद तोकिएकोले आयोगको अनलाइन दरखास्त प्रणाली www.psconline1.psc.gov.np मार्फत दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

### १. रा.प. अनं. प्रथम श्रेणी (प्राविधिक) ना.सु. वा सो सरह पदका लागि

आयोगबाट २०७९ माघ महिनामा प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक) नायब सुब्बा वा सो सरह तथा स्वास्थ्य सेवाका पाँचौ तह र राष्ट्रिय मानव अधिकार सेवाका सहायक प्रथम (प्राविधिक) पदका लागि दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्न तथा दरखास्त दस्तुर बुझाउन सकिनेछ । यस अघि दरखास्त दिइ दस्तुर बुझाउन बाँकी उम्मेदवारहरुले समेत फेरी दरखास्त पेश गरी दस्तुर बुझाउनु पर्नेछ ।

### २. रा.प. अनं. प्रथम श्रेणी (अप्राविधिक) ना.सु. वा सो सरह पदका लागि

आयोगबाट २०७९ पुस महिनामा प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) नायब सुब्बा वा सो सरह पदका लागि *आयोगबाट २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिइएका परीक्षाबाट सिफारिस एवं पदस्थापन भई हाल कार्यरत स्थायी कर्मचारी मध्ये आयोगको मिति २०७९/११/५, सूचना नं. ११७३/०७९-८० बमोजिम दरखास्त दिन बाँकी उम्मेदवारहरुले मात्र* दरखास्त पेश गरी दरखास्त दस्तुर बुझाउन सकिनेछ । यसरी दरखास्त पेश गर्ने उम्मेदवारहरुले सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश बमोजिम उमेर हद नलगाई दरखास्त दिएको व्यहोरा खुलाई आयोगको अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा छुट्टै निवेदन अपलोड गर्नुपर्नेछ । यस अघि दरखास्त दिई दस्तुर बुझाउन बाँकी त्यस्ता उम्मेदवारहरुले फेरी दरखास्त पेश गरी दस्तुर बुझाउनु पर्नेछ ।

मिति : २०८०/२/३१